डुङ्गेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः०२ मितिः २०७९/१०/१०

**भाग-१**

डुङ्गेश्वर गाउँपालिका

## डुङ्गेश्वर गाउँपालिकाको शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधयेक

**प्रस्तावनाः** डुङ्गेश्वर गाउँपालिकाको शिक्षा ऐन,२०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, डुङ्गेश्वर गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नामः यस ऐनको नाम "**डुङ्गेश्वर गाउँपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०७९**" रहेको छ ।

२. **डुङ्गेश्वर गाउँपालिकाको शिक्षा ऐन,२०७४ (यस पछी मूल ऐन भनिएको) को दफा २ को उपदफा**

(ङ) मा विशेष प्रकार निश्चित माध्यमबाट भन्ने शब्द थपिएको ।

(च) मा प्रारम्भिक बाल विकास शिक्षा भन्ने शब्द झिकिएको ।

(च१) मा विद्यालय भन्नाले सामुदायिक विद्यालय र संस्थागत विद्यालय सम्झनुपर्छ भन्ने वाक्यांश थपिएको ।

(थ१) प्राथामिक शिक्षा भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्दछ भन्ने वाक्यांश थपिएको ।

(थ२) प्राथमिक विद्यालय भन्नाले खण्ड(थ१) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ भन्ने वाक्यांश थपिएको ।

(थ३) आधारभुत विद्यालय भन्नाले खण्ड (क) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ भन्ने वाक्यांश थपिएको ।

(थ४) माध्यामिक विद्यालय भन्नाले खण्ड(क) र (ख) वा (ख) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्दछ भन्ने वाक्यांश थपिएको ।

(ध) मा शिक्षा शाखाको सट्टा शिक्षा युवा तथा खेलकुद शाखा राखिएको ।

(प) मा स्रोत शिक्षक भन्नाले गाउँ शिक्षा शाखाको स्रोत शिक्षकलाई जनाउछ भन्ने वाक्यांश थपिएको ।

(ब) मा गाउँ शिक्षा शाखाको प्रमुखको सट्टामा गाउँ शिक्षा शाखामा कार्यरत शिक्षा सेवाको अधिकृत भन्ने शव्द राखिएको ।

(ब१) प्राविधिक सहायक भन्नाले शिक्षा शाखाको प्राविधिक सहायकलाई जनाउँछ भन्ने वाक्यांश थपिएको ।

(भ) मा उत्तीर्ण भन्ने शब्द झिकिएको ।
(भ१)माध्यामिक शिक्षा परीक्षा भन्नाले कक्षा १० को अन्तिममा हुने परीक्षालाई सम्झनुपर्छ भन्ने वाक्यांश थपिएको ।
(य) सो शब्दले प्रधानाध्यापकलाई समेतलाई जनाउँछ भन्ने वाक्यांश थपिएको छ ।
(ष१)सामाजिक विकास मन्त्रालय भन्नाले कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ भन्ने वाक्यांश थपिएको ।
(स) मन्त्रालय भन्नाले संघीय तहमा स्थापना भएको शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयलाई सम्झनुपर्छ भन्ने वाक्यांश थपिएको ।

**३. मूल ऐनको दफा ३ मा भएको संशोधनः** उपदफा(१) मा खोल्न भन्ने शब्द थपिएको ।
उपदफा (२) मा गाउँपालिका वा तोकिएको अधिकारीले भन्ने शब्द थपिएको ।

**४. मूल ऐनको दफा ९ मा भएको संशोधनः** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाई उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ भन्ने वाक्यांशको सट्टा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ भन्ने वाक्यांश राखिएको ।

**५. मूल ऐनको दफा १० को मा भएको संशोधनः** उपदफा (१) को
(ख) मा दलित महिला शब्दको सट्टामा महिला शब्द राखिएको / र गाउँ कार्यपालिकाको सट्टामा गाउँपालिका राखिएको।
(ग) मा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी शब्दावली थपिएको ।
(घ) मा तथा संस्थागत र गाउँ शिक्षा समितिको सट्टा गाउँपालिका भन्ने शब्दावली थपिएको ।
(ङ) मा भएको व्यवस्था हटाइएको ।
(छ) मा भएको व्यवस्था हटाइएको ।
(ज) मा स्थानिय समाजसेवी शब्द थपिएको र एकजना महिला पर्ने गरी ३ जना सदस्य भन्ने शब्दको सट्टामा एकजना दलित र दुई जना महिला सहित तीन जना भन्ने शब्द राखिएको ।
(झ) मा वा शिक्षा शाखा प्रमुखको काम गर्न तोकिएको कर्मचारी भन्ने शब्द थपिएको ।
उपदफा (१क) गाउँपालिका क्षेत्र भित्रका प्रधानाध्यापकहरु र नेपाल शिक्षक महासंघका प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिने छ भन्ने वाक्यांश थपिएको ।
उपदफा (६) मा समितिका पदेन सदस्य बाहेक मनोनीत सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ भन्ने शब्दको सट्टामा गाउँ शिक्षा समितिको पदावधी २ वर्ष हुनेछ भन्ने शब्दावली राखिएको।
उपदफा (९) (१) (छ) हटाइएको ।
उपदफा (९) (२) (ग) मा शिक्षक अभिभावक संघ शब्द थपिएको ।
उपदफा (९) (२) को (ड) हटाइएको ।
उपदफा (९) को (३) मा वडा शिक्षा समितिको बैठक सञ्चालन सम्बन्धि कार्यबिधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ भन्ने वाक्यांश थपिएको ।
उपदफा (९) को (४) मा वडा शिक्षा समितिको पदावधी २ वर्षको हुनेछ भन्ने वाक्यांश थपिएको ।

**६. मूल ऐनको दफा ११ मा भएको संशोधनः**
(घ) मा विद्यालय निरीक्षकको सट्टा प्रा.स. राखिएको ।
(छ) मा शिक्षा अधिकृत शब्द थपिएको ।

**७. मूल ऐनको दफा १४ मा भएको संशोधनः**
उपदफा (२) (क) मा गाउँ शिक्षा अधिकारीको सट्टामा शिक्षा अधिकृत राखिएको ।

उपदफा (२) (ग) मा स्रोत व्यक्तिको सट्टामा स्रोत शिक्षक राखिएको ।

**८. मूल ऐनको दफा १९ मा भएको संशोधनः यस दफामा देहाय वमोजिम हुने गरी संशोधन तथा खारेज गरिएको छः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना – सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले सिफारिस गरेको प्रतिनिधि एक जना – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट बिद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना – सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना –सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) सम्बन्धित विद्यालय हेर्ने शिक्षा अधिकृत र प्राविधिक सहायकलाई पर्यवेक्षकको रुपमा तथा विद्यालयस्तरीय बालक्लवका एक जना बालक र एक जना बालिका गरी दुई जनालाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख), र (ग) बमोजिमका सदस्यहरु मध्येबाट वि.व्य.स.का सदस्यहरुले छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ तर अध्यक्षको छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार गाउँ शिक्षा नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

(६) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य कार्यविधि गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(७) व्यवस्थापन समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक बस्नुपर्नेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिका अध्यक्षले मनोनित गरेको व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एक जना महिला समेत पर्नेगरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना – सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेविहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको एक जना– सदस्य

(घ) सम्बन्धित विद्यालय हेर्ने शिक्षा अधिकृत –सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुमध्येवाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधी –सदस्य

(च) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(९) उपदफा (१) र (८) बमोजिम गठित विद्यालय व्यवस्थापन समितिमा छानिएका वा मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक,पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।तर त्यसरी

पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(१०) अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको छनोट नभएको अवस्थामा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(११) विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ।

**८. मूल ऐनको दफा २० मा भएको संशोधनः** उपदफा ३ हटाइएको ।

**९. मूल ऐनको दफा २२ मा भएको संशोधनः** उपदफा ३ मा शिक्षा विकास कोषको संचालन तोकिए बमोजिम हुनेछ भन्ने वाक्यांश थपिएको ।

**१०. मूल ऐनको दफा २५ मा भएको संशोधनः** गाउँ शिक्षा समितिले गाउँ शिक्षा शाखाको सिफारिसमा भन्ने शब्दको सट्टामा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले भन्ने शब्द राखिएको ।

**११. मूल ऐनको दफा ३२ मा भएको संशोधनः** उपदफा ९ मा पचास हजार को सट्टा पच्चिस हजार राखिएको ।

**१२. मूल ऐनको दफा ४० मा भएको संशोधनः** उपदफा १ मा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले दरवन्दी मिलान गर्न सक्नेछ भन्ने शब्द राखिएको ।

**१३. मूल ऐनको दफा ४३ मा भएको संशोधनः** उपदफा (१) मा गाउँ शिक्षा शाखाले स्वीकृत गरे बमोजिम भन्ने शब्दावलीको सट्टा तोकिए बमोजिम भन्ने शब्द राखिएको ।

**१४. मूल ऐनको दफा ५० मा भएको संशोधनः** उपदफा १ मा गाउँ शिक्षा शाखाको सट्टामा गाउँ कार्यपालिका भन्ने शब्द राखिएको ।

**१५. मूल ऐनको दफा ५२ मा भएको संशोधनः** उपदफा ५ मा यस अघी गठन भएका विद्यालय व्यवस्थापन समितिको गठन यसै ऐन बमोजिम भएको मानिने छ भन्ने वाक्यांश राखिएको ।

आज्ञाले,

प्रेम बहादुर डि.सी.

प्रमुख प्रशासकीय अधिकृत